कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ७७७/७७८
च.नं:- ७६६

मितिः२०७७/१२/२७

विषय: विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति सम्बन्धमा।

श्री प्रधानाध्यापक/प्रिन्सिपलज्यू,
सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
कोहलपुर नगरपालिका, बाँके।

प्रस्तुत विषयमा विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ मा व्यवस्था भए अनुसार विद्यालयले प्रदान गर्ने छात्रवृति वितरण प्रक्रिया अवगत भएकै होला। सोसम्बन्धमा यस शाखाबाट सञ्चालन हुने गरेका प्रअ/प्रिन्सिपल बैठकमा प्रशस्त छलफल भएको र स्थानीय पत्रपत्रिकामा [redacted] सूचना [redacted] जारी गरिएको समेत स्मरण गराइन्छ। यसका साथै विद्यालयबाट वितरण गरिने छात्रवृत्ति वितरण सम्बन्धमा स्थानीय अभिभावक तथा विदयार्थी नेताहरुबाट समेत गुनासाहरु आइरहेको सन्दर्भमा चालु शैक्षिक सत्र २०७७/७८ का लागि के-कसरी र कति सङ्ख्याका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको छ, कक्षा, छात्रवृत्ति पाउने विद्यार्थीको नाम, वितरित छात्रवृत्ति कोटाको प्रकार मिति २०७८/०१/ १५ सम्ममा यस शाखामा प्राप्त हुने गरी पठाइदिनु हुन अनुरोध छ। साथै छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ (नं. ३.७) बमोजिम गठित विद्यालय स्तरीय छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय सहित आगामी शैक्षिक सत्र २०७८ मा आआफ्नो विद्यालयबाट प्रदान गरिने छात्रवृतिको कोटाको सङ्ख्यात्मक लक्ष्य एकीन गरी पठाउनुहुन समेत सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई अनुरोध गरिन्छ।

.....
अनन्तकुमार पौड्याल
शिक्षा शाखा प्रमुख

बोधार्थ
श्री शिक्षा विकास तथा समन्वय इकाइ, बाँके : जानकारीका लागि।
श्री नगरप्रमुखज्यूको सचिवालय, कोहलपुर नगरपालिका, बाँके : जानकारीका लागि।
श्री कोहलपुर क्षेत्र संस्थागत विद्यालय सङ्गठन (क्रिसा), कोहलपुर, बाँके : अन्तर्गतका सबै विद्यालयहरुमा जानकारी गराइदिनुहुन।
श्री प्याबसन, कोहलपुर : अन्तर्गतका सबै विद्यालयहरुमा जानकारी गराइदिनुहुन।
श्री एनप्याबसन, कोहलपुर : अन्तर्गतका सबै विद्यालयहरुमा जानकारी गराइदिनुहुन।